# आज कोजाग्रत पूर्णिमा, दशैं समापन हुँदै



**काठमाडौं/मस-** धनधान्य एवं सम्पन्नताकी देवी महालक्ष्मीको पूजाराधनासहित रात्रिमा जाग्राम बसेपछि आजदेखि बडादशैं समापन हुँदैछ। आश्विन शुक्ल पूर्णिमाका दिन मनाइने कोजाग्रत पूर्णिमा आज साँझ सम्पन्नताकी देवी महालक्ष्मीको पूजाराधना गरी रातभर जाग्राम बसेर मनाएसँगै दुर्गापक्ष सकिन्छ।

शास्त्रनुसार गर्नुपर्ने सबै बलिपूर्ति अर्थात् अखिल बलिपूर्तिको काम पनि आजै हुनेछ। अखिल बलिपूर्ति भएसँगै विजयादशमीदेखि शुरु भएको नवदुर्गाको प्रसादस्वरुप टीका र जमरा लगाई मान्यजनबाट आशीर्वाद लिने क्रम पनि आजैदेखि समाप्त हुन्छ। आजै जमरालाई नजीकको नदी, तलाउ, पोखरी आदि तीर्थस्थलमा लगी सेलाइन्छ।

आश्विन शुक्ल प्रतिपदाका दिनदेखि शुरु भएको दशैंपर्व नेपालीले आआफ्नो गच्छेअनुसार मनाउँछन्। आजको दिन सायंकालमा महालक्ष्मीको पूजाराधना गरी राति जाग्राम बसेको मानिसका घरमा पृथ्वी भ्रमण गर्दै हिँडेकी महालक्ष्मी प्रवेश गरी ऐश्वर्य दिई सम्पन्न बनाउँछिन् भन्ने धार्मिक विश्वासका आधारमा पर्व मनाउन शुरु गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन्।

माता दुर्गाका तीन रुपमध्येका एक रुप महालक्ष्मीको पूजा गरेर आज दुर्गा पक्षलाई बिदा गरिन्छ। नवरात्र विजयादशमीकै दिन सकिने भए पनि दुर्गा पक्ष भने आश्विन शुक्ल पूर्णिमाका दिनमा समाप्त हुन्छ।

लक्ष्मीपूजाको १५ दिनअघि महालक्ष्मीको आराधना गरिने भएकाले यस पर्वको विशेष महत्व छ। यस पूर्णिमालाई कौमुदी पनि भनिन्छ। आज राति जुवा खेल्ने विधानसमेत रहेको उनले बताए। महालक्ष्मीसँगै आज हात्तीमा चढेका इन्द्रको पनि पूजा गर्नुपर्छ।

कोजाग्रत पूर्णिमा आज परे पनि पूर्णिमा व्रत भने शनिबार रहेको जनाइएको छ। महालक्ष्मीको व्रत गर्न गरिने कर्म मध्यरातमा पूर्णिमा भएका दिन गरिन्छ। आज २७ घडी ५८ पला अर्थात् बेलुकी ५:२५ बजेसम्म चतुर्दशी तिथि छ। त्यसपछि पूर्णिमा तिथि लाग्छ। मध्यरातमा पूर्णिमा आज परेकाले कोजाग्रत पूर्णिमा आजै मनाउने निर्णय गरिएको समितिले जनाएको छ। शनिबार पूर्णिमा तिथि ३३ घडी १६ पला अर्थात् बेलुकी ७:३३ बजेसम्म छ।

चन्द्रमाको पूजा गरिने पूर्णिमा व्रतका लागि भने सूर्योदय र सायंकालमा पूर्णिमा तिथि चाहिने भएकाले शनिबार परेको हो। कार्तिक स्नान र आकाशदीपदान पनि शनिबारदेखि नै शुरु हुने छ।

## यातायात कार्यालय जनकपुरको
# स्मार्ट लाइसेन्स धान खेतमा फालिएको अवस्थामा फेला

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १३ कात्तिक



प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा १ हजारभन्दा बढी स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स) धान खेतमा फालिएको अवस्थामा फेला परेको छ। यातायात व्यवस्था बिभागबाट तयार भएर आएका लाइसेन्स जनकपुर उपमहानगरपालिका-१४ स्थित यातायात कार्यालयदेखि झण्डै २ सय मिटर पश्चिमतर्फ रहेको खेतमा धान काट्न गएका महिलाहरूले फेला पारेका हुन्। उनीहरुले लाइसेन्सहरु संकलन गरेर यातायात कार्यालयलाई नै दिएका छन्।

'बुधबार दिउँसो धान काट्न आउँदा खेतमा जताततै लाइसेन्स देख्यौं,' एक महिलाले भनिन्, 'ती सबै लाइसेन्स संकलन गरेर यातायातका कर्मचारीलाई दिएका छौं।' यातायात कार्यालयमा राखिएको लाइसेन्स धान खेतमा फेला परेपछि कार्यालयको सुरक्षामाथि प्रश्न उठेको छ। यातायात कार्यालय जनकपुरधामका अधिकृत विरेन्द्र साहले लाइसेन्स धान खेतमा फेला परेको स्विकार गर्दै ३ सय २५ थान जति लाइसेन्स मात्रै भेटिएको बताए।

कसैले गलत नियत राखेर लाइसेन्स फालेको हुन सक्ने बताउँदै उनले यसबारे जिल्ला प्रशासन कार्यालय धनुषालाई जानकारी गराइएको बताए। यातायात कार्यालय जनकपुरधाममा दलाल र बिचौलियाको सहज पहुँच छ। दलाल र बिचौलियाहरु लाइसेन्ससहितका कागजात बोकेर आफूखुसी ओहोरदोहोर गर्दै आए पनि यातायात कार्यालयका कर्मचारीहरु मुकदर्शक बन्ने गरेको सेवाग्राहीहरु बताउँछन्।

# नवलपरासीमा १ लाख बढिको अवैध समान सशस्त्र प्रहरीको नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १३ कात्तिक



नवलपरासीको सीमा क्षेत्रका बिभिन्न ठाउँहरुबाट करिब १ लाख २० हजार २ सय ५० मूल्य बराबरको अबैध सामान सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। बुधवार राति बिषेश सुराकीको आधारमा शसस्त्र प्रहरी बल नेपाल नं. २६ गण हेडक्वाटर पश्चिम नवलपरासीको मातहतमा खटिएको मोबाईल गस्ती टोलीले बिभिन्न स्थानमा बेवारिसे अवस्थामा रहेका मोबाईल पार्टस मोटर पार्टस र लत्ताकपडा लगायतका अबैध सामानहरु नियन्त्रणमा लिएको हो।

नियन्त्रणमा लिएको अबैध सामाहरु आवश्यक कारवाहीको लागी महेशपुर भन्सार कार्यालयमा बुझाइएको सुचना अधिकारी रोशन घिमिरेले जानकारी दिए। जिल्लाको सिमाक्षेत्रहरुमा कपडा, मटर, मोटर पार्टस् लगायत बिभिन्न किसिमका तस्करी मौलाए पछि सशस्त्र प्रहरीले कडा निगरानी बढाएको घिमिरेले बताए।

# सांसद बस्नेत परिवारका आठजना कोरोना मुक्त, बल्ल लगाइयो दशैंको टीका



**काठमाडौं/मस-** विजयादशमीका दिन सबैले आ-आफ्नो परिवारमा निधारमा टीका र शिरमा जमरा लगाउँदै आर्शिवाद लिनमा व्यस्त थिए। तर भक्तपुरको विकासमा अग्रणी भूमिका खेल्दै आएका सङ्घीय सांसद एंव पूर्वमन्त्री महेश बस्नेतको घरमा कुनै चहलपहल थिएन।

छ महिना अगाडि मात्रै मुटुको ओपन हार्ट सर्जरी गरेपछि घरमा आराम गरेकी सांसद बस्नेतको ६६ वर्षीया आमासहित परिवारका आठ जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि घर मै आइसोलेसनमा बसेको परिवारमा १५ दिनपछि हिजो मात्र कोरोनाको नेगेटिभ रिपोर्ट आएपछि बल्ल दशैंको रौनक आएको छ।

मुटुको शल्यक्रिया गरेको आमालाई कोरोना भएपछि निकै चिन्ता लागेको र १५ दिन मै उनले कोरोनालाई परास्त गरेर दशैंको टीकासँगै आर्शिवाद थाप्न पाउँदा खुसी लागेको बताउदै सांसद बस्नेतले भने, 'कोरोनालाई परास्त गर्नुभएको आमाको हातको टीका लगाउँदा उहाँले हामीलाई मात्रै हैन, सिङ्गो देशवासीमा कोरोनालाई परास्त गर्ने शक्ति प्राप्त होस् र हाम्रो देश छिट्टै कोरोना मुक्त होस् भनेर आर्शिवाद दिनुभयो।'

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य समेत रहेका बस्नेतको परिवारका आमा, बहिनी, ज्वाई, भान्जा, भान्जी, सवारी चालकसमेत आठ जनामा कोरोना पोजेटिभ देखिएकोमा १५ दिनको होम आईसोलेसनको बसाईबाटै उनीहरु सबैको कोरोना रिपोर्ट हिजो नेगेटिभ आएको थियो।

आमालाई सुरुमा ज्वरो आउने, रुघा लाग्ने, जिउ दुख्ने र खानाको स्वाद हराउने लक्षण देखिएपछि गरेको परीक्षणमा कोरोना सङ्क्रमण देखिएपछि कन्ट्याक ट्रेसिङमा परेका सांसद बस्नेत, उनको बुबालगायत परिवारका अन्य सदस्यको भने कोरोना रिपोर्ट नेगेटिभ आएको थियो। यसवर्ष परिवार बाहेक टीका थाप्न आउने अन्यलाई नआइदिन आग्रह गरेको बताउदै उनले कोरोना कहरबीच यस वर्षको दशैं तिहार परिवार मै सिमित भएर औपचारिकतामा मात्रै मनाउन आग्रह गरे।

कोरोनालाई परास्त गर्ने अचुक उपाय आत्मावल नै रहेको आमाबाट पाएको बताउदै उनले कोरोना विरुद्धको भ्याक्सिन सहज रुपमा नआएसम्म हरेक दिन तातोपानी, जिरा, बेसार, अदुवा, तुलसीको पात, गुर्जो जस्ता सामग्री पकाएर पानी पिउन सुझाब समेत दिए।

# पत्रकारलाई लेखनवृत्ति दिन महासंघको माग



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले कोरोना महामारीका कारण जागिर गुमाएका र बेतलवी बिदामा रहेका श्रमजीवी पत्रकार हरुलाई लेखनवृत्तिसहित वैकल्पिक व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

बिहीबार सिंहदरबारमा अर्थमन्त्री विष्णु पौडेललाई सुझाव पत्र बुझाउँदै महासंघले श्रमजीवी पत्रकार ऐन र नियमावली कार्यान्वयन गर्ने सञ्चार माध्यमलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन समेत माग गरेको हो। महासंघको सुझावपत्र बुझ्दै मन्त्री पौडेलले पत्रकारहरुले भोग्नुपरेका समस्या समाधानका लागि तत्कालीन र दीर्घकालीन उपाय अबलम्बन गर्ने प्रतिबद्धता जनाए।

महासंघले सञ्चार गृहहरुलाई पत्रकारको पारिश्रमिक भुक्तानी र सञ्चारमाध्यमको सञ्चालनका लागि आवश्यक परेमा सहुलियत पूर्ण ऋण व्यवस्था गर्न पनि आग्रह गरेको छ। ऐन कार्यान्वनयन नगर्ने सञ्चार गृहलाई सरकारका तर्फबाट उपलब्ध हुँदै आएका सुविधा, सहुलियत र विज्ञापन उपलब्ध नगराउन महासंघले ध्यानाकर्षण गराएको छ।

विज्ञापन ऐनमा भएको व्यवस्था अनुसार तत्काल सबै प्रकारका सञ्चारमाध्यमले पाउने गरी समानुपातिक विज्ञापन प्रणाली लागु गर्नुपर्ने महासंघको माग छ। महासंघले दुर्घटना बीमालाई थप विस्तार गरी स्वास्थ्य बीमा र जीवन बीमाको व्यवस्था गर्न पनि अग्रह गरेको छ।

यसैगरी सरकारी अस्पताल र स्वास्थ्यसंस्थाबाट उपलब्ध गराइने भनिएको ५० प्रतिशत छुट लगायतका पूर्व निर्णहरु पनि कार्यान्वयन गर्न महासंघले आग्रह गरेको छ। यही आर्थिक वर्षदेखि लागू हुने गरी जेष्ठ पत्रकार जीविकोपार्जन भत्ता वितरण गर्न पनि महासंघले आग्रह गरेको छ।

# तास र कौडा खेल्ने २० जना पक्राउ

**चितवन/मस-** जिल्ला प्रहरी कार्यालय चितवनले दशैंको समयमा तास र कौडा खेलिरहेका २० जनालाई पक्राउ गरेको छ। चाडपर्व लक्षित विशेष सुरक्षा अभियानअन्तर्गत जिल्लाका विभिन्न स्थानबाट उनीहरुलाई पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय माडीबाट खटिएको टोलीले सात जना, इलाका प्रहरी कार्यालय रत्ननगरको टोलीले सात र इलाका प्रहरी कार्यालय खैरहनीबाट खटिएको टोलीले ६ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरीक्षक सुवास भट्टले जानकारी दिए। उनीहरुको साथबाट दुई लाख ४६ हजार ७ सय ६५ रूपैयाँ, खेलमा प्रयोग गरेको कौडा र तास बरामद भएको उनले बताए।


## साउदीमा रोजगार

**ALI FAHAD AL-HURAISH EST FOR GENERAL CONT,**
पुर्व स्विकृति मिति: २०७५।११।२ चलानी नं. ६०१३७३६६ LT No. 217442
पून: स्विकृति मिति: २०७७।७।१३ चलानी नं. ६ पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 7 | काममा दक्ष | 2500 | 75000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Driver | 4 | | 1800 | 54000 | | | | | | | |
| 3 | Mason | 2 | | 1200 | 36000 | | | | | | | |
| 4 | Carpenter | 2 | | 1200 | 36000 | | | | | | | |
| 5 | Electrician | 1 | | 1200 | 36000 | | | | | | | |
| 6 | Labor | 4 | | 1000 | 30000 | | | | | | | |

लागत खर्च: १०,०००

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

★अन्तरवार्ता: ★ तिलोत्तमा ट्रेनिङ्ग सेन्टर, रूपन्देही, बुटवल- मिति २०७७/०८/२१ र २२ गते,
★ धम्बुजी चोक, नेपालगञ्ज, बाँके - मिति २०७७/०८/२३ गते
★ PTI Centre, जनकपुर- मिति २०७७/०८/२४ र २५ गते
★ होटल हिलटन, सुनसरी, ईटहरी - मिति २०७७/०८/२६ गते हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

**ओशो रिक्रुटिङ्ग एजेन्सी प्रा. लि.**
पुरानो बानेश्वर-३४, काठमाडौं श्रम इजाजत नं. ७९५/०६५/६६ फोन: ४४८४७९८, ४४६०६०९



## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले युनाइटेड अरब इमिरेट्र्स (U.A.E) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विकी मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि. न. | मालवस्तुको विवरण | आकार/प्रकार | व्राण्ड | मोडल | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिपी टायल | ९.५x२९.५ से.मी. | RAK | A00GZSUR#BSO.M0R | युनाइटेड अरब इमिरेट्र्स | बर्ग फिट | रु.२९० | रु.२९० |
| २ | जिपी टायल | ३०x३० से.मी. | RAK | A00GZSUR#EAR.Y6X0R | युनाइटेड अरब इमिरेट्र्स | बर्ग फिट | रु.२९० | रु.२९० |
| ३ | जिपी टायल | ३०x३० से.मी. | RAK | A00GZSUR#GRG.Y6X0R | युनाइटेड अरब इमिरेट्र्स | बर्ग फिट | रु.२९० | रु.२९० |
| ४ | सेरामिक टायल | ३०x६० से.मी. | RAK | A26RZLND-GYO.MPU | युनाइटेड अरब इमिरेट्र्स | बर्ग फिट | रु.१३० | रु.१३० |

**विक्रेता फर्मको नाम : श्री स्वस्तिक ट्रेडर्स** **एक्जीम कोड नं.: ३०२६६६१८६०१००NP**
**ठेगाना : काठमाडौं महानगरपालिका वडा नं. १२, टेकु, काठमाडौं** **फोन नं.: ०१-४२४०५६५**



## Invitation for Bids .

### Kaligandaki Rural Municipality
Syangja, Gandaki Provience

**Invitation for Bids for the Upgrading of Jhange Deurali-Ghadi Pokhara-Gahalam Rural Road**

Contract Identification No: KLGD/W/NCB/UJGG/01/077/78
Date of publication: 30th October 2020

1. Kaligandaki Rural Municipality,Syangja ***has allocated funds*** towards the cost of **Upgrading of Jhange Deurali-Ghadi Pokhara-Gahalam Rural Road** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for KLGD/W/NCB/UJGG/01/077/78***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Kaligandaki Rural Municipality, Office of the rural Municipal Executive*** invites electronic bids from eligible bidders for the **Upgrading of Jhange Deurali-Ghadi Pokhara-Gahalam Rural Road** under National Competitive Bidding Procedures. Total approved estimated Cost for this road upgrading work is NRs. 19,243,749.97 with VAT & PS.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the website of ***Kaligandaki Rural*** **Municipality www.kaligandakimunsyangja.gov.np** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 3,000.00** Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** **Prime Commercial Bank Ltd.**
   **Name of Office:** **Office of the Rural Municipal Executive, Kaligandaki Rural Municipality, Birgha, Syangja.** **Office Account no.: 06700187CA**
5. Pre-bid meeting shall be held at ***Kaligandaki Rural Municipality, Office of the rural Municipal Executive, Syangja*** on 13:00 Hrs of 13th November 2020.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before *12:00* ***Hrs*** on ***29th November 2020.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hrs on 29th November 2020*** at the office of ***Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja.***
8. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs 480,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid. Bidder who choose to provide bid security in form of cash, the cash amount should be deposited in dharauti account of Kaligandaki Rural Municipality, Account No. 06700202CA at Prime Bank Ltd., Kaligandaki Branch.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever
11. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).